# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## सन्धिखर्क नगरपालिका
## अर्घाखाँची




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. १५१

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन

श्री प्रमुखज्यू,
सन्धिखर्क नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
अर्घाखाँची ।

**कैफियत सहितको राय**

हामीले सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३ करोड ९६ लाख ६८ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/३/१७ मा प्राप्त प्रतिक्रियाबाट रू.११ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २५ लाख १६ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ४८ लाख ७२ हजार र पेश्की रू. ९ लाख ८० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्मको रु १ करोड २८ लाख २८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ४१ लाख ५ हजार रहेको छ ।पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

सन्धिखर्क नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १०५ | ६६ | ३९६६८ | ० | १ | ११ | १०५ | ६५ | ३९६५७ | १२८९ | २४८७२ | १२५१६ | ० | ० | ३७३८८ | ९८० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १२८२८ | ० | ८३८० | ४४४८ | ० | ३९६५७ | ४४१०५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सन्धिखर्क नगरपालिका, अर्घाखाँची , सन्धिखर्क नगरपालिका , अर्घाखाँची

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण अर्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज गौतम | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३९,६६८,०१४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,२४,०६,१४५.७५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ८७,२०,५२,८१३ | **चालु खर्च** | ३४,२९,४७,०२९.७७ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,६५,९७,३०८.८६ | **पूँजीगत खर्च** | ३७,९१,१५,६६२.८६ |
| **राजश्व बाँडफाँट** | २,९९,९९,०२३.३२ | **वित्तीय/अन्य व्यवस्था** | २६,८६,४१,९६१.२ |
| **आन्तरिक आय** | ११,०४,२५५ | | |
| **अन्य आय** | ४,०५,३८,९२४.३८ | | |
| **कुल आय** | १,०२,०२,९२,३२४.५६ | **कुल खर्च** | ९९,०७,०४,६५३.८३ |
| **बाँकी मौज्दात** | | १०,१९,९३,८१६.४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्ष निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवर०ाको सम्पूर्०ा जिम्मेवारी व्यवस्थापन पक्षको रहेको ५ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्ष०ामा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबा६ प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्ष०ा योजना बमोजिमको जोखिम विश्लेष०ा, नमूना ५नौ६ र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्ष०ा नीति मापद०८, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्ष०ाका असल अभ्यास र लेखापरीक्ष०ा सीमासमेतको आधारमा परिक्ष०ा गरी तयार गरिएको लेखापरीक्ष०ाको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बै७कमा ५लफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको ५ । लेखापरीक्ष०ाको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्ट्याई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको ५ । लेखापरीक्ष०ामा देखिएका व्यहोरा मध्ये तत्काल प्रमा०ा पेश हुन आएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको ५ैन । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।०६।२४ मा व्यवस्थापनपक्षसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५सभा सदस्य, १२९.४२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४० हजार ४ सय २२ जनसंख्या रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।पालिकाले NEPSAS based को ढाँचामा वित्तीय विवरण तयार गरेको देखिएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३ | | | **ऐन कानून निर्माण एवं कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । क) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार नभएका कार्यहरु • सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारके संरक्षण र सुरक्षा नभएको • अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको • प्रदेश कानुनको अधिनमा रही एफ.एम सञ्चालन सम्बन्धी कार्य नभएको, • स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको, • आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको, • मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको, • सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षणा र व्यवस्थापन नभएको, • स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको, • वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन नभएको, • स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको, • स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको, • जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको, • खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको, • एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको, • स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको, • स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको, • स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको, • खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको, • जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको, • सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको, • खानी तथा खनिज पदार्थ सम्बन्धी सूचता तथा तथ्याङ्क संकलन नभएको, • बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको • आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको, • खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको, • स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको, • वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयन नभएको, • व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको, • प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको, • यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको, • संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको, • संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन नगरेको, • स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको, • संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन नभएको, • स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वयन नभएको, • राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य नभएको ख) स्थानीय सरकार संचालन ऐन २०७४ को अन्य दफा अनुसार नभएका कार्यहरु • दफा २४ (४) नगरपालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको, • दफा ८३ (७) नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा नभएको, | |
| ४ | | | **निति तथा कार्यक्रम कार्यान्वयन**<br>नगरपालिकाको नगरसभाको नवौ अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु कार्यान्वयन भएका छैनन । | |
| ५ | | | **बजेट कार्यान्वयन**<br>उपप्रमुखद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये देहाय अनुसार रु १९ लाख ३० हजारको कार्यक्रम कार्यान्वयन गरेको देखिएन। अतः नगरसभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ। | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन |
|---|---|---|
| 1 | संगठनात्मक संरचना निर्माण (ONM Survey) | १,०५,००० |
| 2 | मेलमिलाप केन्द्रका पदाधिकारीहरुलाइ नगरस्तरीय तालिम | १,००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 3 | संगठनात्मक संरचना निर्माण (ONM Survey) | ३,९५,००० | | |
| | | | | 4 | कालीमाटी वेल्टारी गोरेटो बाटो–१० वडा | ५०,००० | | |
| | | | | 5 | माउन्रे चिवेक कुलो निर्माण स.न.पा.–८ | ५०,००० | | |
| | | | | 6 | एकले खेत मुहानदेखि साउनेथुमसम्म टंकी लिफ्ट खानेपानी योजना–३ | ५०,००० | | |
| | | | | 7 | शहिद स्मृती पार्क (मगाथुम) निर्माणको लागि डिपीआर निर्माण-९ | १,००,००० | | |
| | | | | 8 | उद्योग व्यवसायहरुको लगत संकलन अध्यावधिक | १,५०,००० | | |
| | | | | 9 | वातावरण मैत्री कार्यक्रम (स्थानीय साझेदारी कार्यक्रम) | ५,००,००० | | |
| | | | | 10 | सडक बत्ती | १,००,००० | | |
| | | | | 11 | साउनेथुम कवरस्थान मर्मत | २५,००० | | |
| | | | | 12 | बुडोलोटे -बाजाखर्क मोटर बाटो | १,००,००० | | |
| | | | | 13 | कृषि सामाग्री तथा औजार मा अनुदान (५०%) | १,२०,००० | | |
| | | | | 14 | सार्वजनिक सुनुवाई | ३५,००० | | |
| | | | | 15 | कल्लाबोट मो.बा.संरक्षण तथा वाल निर्माण | ५०,००० | | |
| | | | | | जम्मा | १९,३०,००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **प्रदेश र स्थानीय तहको कार्यविधि**<br>कार्यालयले कार्यक्रम सन्चालन सम्बन्धि कार्यविधि बनाई कार्यक्रम सन्चालन गर्नु पर्नेमा कार्यविधि बनाएको छैन र संघिय अर्थ मन्त्रालयद्वारा बनाएको कार्यविधि कार्यान्वयन गरेको छ । स्थानीय तहले मापदण्ड कार्यविधि लगायत ऐन नियमहरु बनाउदा संघीय तथा प्रदेशका मापदण्ड र कार्यविधिसँग नबाझिने गरी बनाउनु पर्दछ | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ९ वटा ऐन, १० वटा नियमावली, ५९ वटा समेत ७८ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुखले २०७७।०३।१० गते रु. ८७ करोड ४९ लाख रुपैयाको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०५।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा तोकिए अनुसार अख्तियारी प्रदान गरिनु पर्दछ । | |
| ९ | | | **चौमासिक पूँजीगत खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | नगरपालिका निशर्त पुजिगत | २२६४७८ | ३८३९६ | ५५५५६ | १३२५२६ | ६६१८७ |
| २ | संघीय सरकारबाट हस्तान्तरित समपुरक पुँजिगत | १९१९५ | ५००० | 0 | १४१९५ | ६२६० |
| ३ | संघीय सरकारबाट हस्तान्तरित पुजिगत | ९६३४४ | १०९४ | ३४३ | ९४९०७ | ७३४६४ |
| ४ | संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान पुँजिगत | 15926 | ५००० | ५४६३ | ५४६३ | १०४६३ |
| ५ | प्रदेश शसर्त पुँजिगत र प्रदेश विशेष पुँजिगत | २६६३२ | ० | १७१० | २४९२२ | ११०४९ |
| | कूल खर्च: | ३८४५७५ | ४४४९० | ६३०७२ | २७२०१३ | १६७४२३ |
| | खर्च प्रतिशत | १००. | ११.५७ | १६.४ | ७०.७३ | ४३.५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>११८२७००००</td><td>८८७९५२१९/८६</td><td>१२.३०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३७४१७००००</td><td>३३७९५९१७५/६८</td><td>४६.८०</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>३३२७३८०८२</td><td>१९५४३३९२०</td><td>२७.०७</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह<br>वित्तीय व्यवस्थापन र सुशासन</td><td>२३१६२०००</td><td>१८०९५४७५/६७</td><td>२.५०</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च र अन्य खर्च</td><td>८६४१५४९५</td><td>८१७७८९०१/४२</td><td>११.३३</td></tr>
<tr><td>जम्मा</td><td>९३४७५५५७७</td><td>७२२०६२६९२/६३</td><td>१००</td></tr>
</table>
उल्लिखित विवरण विश्लेषणबाट सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४६.८० प्रतिशत र संस्थागत विकास र सेवा प्रवाह वित्तीय व्यवस्थापन र सुशासनमा सबै भन्दा घटीमा २.५० प्रतिशत रहेको छ । यसमा सुधार गरिनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आय रु 29999023.32 र अल्या सहित रु.९०१६१७१७.७० र राजस्व बाँडफाँड र अनुदानबाट रु.८२९०२९१३०.८९ समेत रु.९१९१९०८४८.५ आम्दानी भएकोमा चालु तर्फ रु. ३४२९४७०२९.७७ र पूँजिगत तर्फ रु. ३७९११५६६२.८६ समेत रु. ७२२०६२६९२.६३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१३४४१५९६ खर्च भएको छ जुन आन्तरिक आयको ४४.८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै आय, अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९०.२५ प्रतिशत चालु र ६८.३३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ४५६ | ३११२०८७२ |
| २ | रु एक लाख एक देखि दुई लाख सम्मका योजना | ९० | १५७०९३५३ |
| ३ | रु दुई देखि पाँच लाखसम्मका योजना | ७४ | २७९७०५८५ |
| ४ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३२ | २८४६५५८० |
| ५ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ६५ | १३८०५४०८९ |
| ६ | ५० लाख भन्दा माथीका | १२ | १३२२४८७७३ |
| | जम्मा | ७२९ | ३७३५६९९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४ | | | **लक्ष्य प्रगति**<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ाइ जिम्मेवार बनाउनु पर्दछ ।<br><table><tr><td rowspan="2">कार्यक्रम/योजना संख्या</td><td rowspan="2">यो बर्ष खर्च</td><td colspan="4">वार्षिक प्रगति स्थिती संख्या</td></tr><tr><td>शून्य प्रगती</td><td>२५%सम्म</td><td>५०% सम्म</td><td>७५% सम्म</td></tr><tr><td>74</td><td>162510668</td><td>12</td><td>5</td><td>3</td><td>1</td></tr></table><br>७५ प्रतिशत भन्दा कम प्रगति हुनाको कारणःकोभिड-१९ र विभिन्न योजनाहरुबोलत्र आव्हान हुँदा प्रतिस्प्रर्धा भइ बचत रहेको रकमबाट तेस्रो तथा चौथो पटक बोलपत्र आव्हान भइ समय अभाव भएको र उक्त योजनाहरु बहुवर्षे भएकोले चालु आ.व.मा प्रगति कम भएको । | |
| १५ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा २७ जना पदपूर्ती भएको देखिन्छ। दरबन्दी बमोजिम डिभिजनल ईन्जिनियरसमेत १४ जना जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५.२ | | | **कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारीहरु करारमा राखी रु. १०१५२४१५ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५०४५६२५ भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.. | ५,०४५,६२५ |

| सि.न. | नामथर | पद | मासिक तलब | अवधि | जम्मा तलव | पोशाक भत्ता | चाड पर्व खर्च | जम्मा रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिशाल महत | आई टि अफिसर | ३५९९० | ९ | ३०५९१५ | १०००० | ०.०० | ३१५९१५ |
| २ | मेघराज पोखरेल | सब-ई. | २८२०० | १२ | ३३८४०० | १०००० | २८२०० | ३७६६०० |
| ३ | सीता वि.सी. | क.अ. | २८२०० | १२ | ३३८४०० | १०००० | २८२०० | ३७६६०० |
| ४ | लक्ष्मण आचार्य | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० |
| ५ | कृष्णा भुषाल | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० |
| ६ | सरिता भुसाल | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | गीता ढुङ्गाना | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० | | |
| | | | | ८ | यमुना पन्थी मरासिनी | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० | | |
| | | | | ९ | माया पन्थी | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० | | |
| | | | | १० | शारदा खनाल वि.क. | चौथों.क.अ. | २६६१० | १२ | ३१९३२० | १०००० | २६६१० | ३५५९३० | | |
| | | | | ११ | रोशना वेल्वासे | अ.न.मी | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १२ | बसन्ता खनाल भुसाल | अ.न.मी | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १३ | अस्मिता पाण्डे | अ.न.मी | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १४ | सृजना वि क | अ न मी | १५०००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १५ | दर्शना हमाल | अ.न.मी | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १६ | कल्पना खनाल ज्ञवाली | अ.न.मी | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १७ | सञ्जु के.सी | अ.हे.व | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १८ | रञ्जु भुसाल आचार्य | अ.हे.व | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | १९ | प्रर्मिला घर्ती | अ.हे.व | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | २० | गोमा थापा | अ.हे.व | १५००० | ९ | १३५००० | | | १३५००० | | |
| | | | | २१ | पदम भुसाल | अ.हे.व | १५००० | ९ | १३५००० | | | १३५००० | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | | | | ४७०२९५५ | १००००० | २४२६७० | ५०४५६२५ | | |
| | | | | २२ | नारायण पौडेल | हे स.चा.प्रथम | २३८५० | १२ | २८६२०० | १०००० | २३८५० | ३२००५० | | |
| | | | | २३ | शिव भुसाल | हे.स.चा.प्रथम | २३८५० | १२ | २८६२०० | १०००० | २३८५० | ३२००५० | | |
| | | | | २४ | टोपलाल आचार्य | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | २५ | कृष्ण बहादुर भट्टराई | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | २६ | देवी प्रसाद पौडेल | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | २७ | दीपक आचार्य | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | २८ | सुमित्रा बन्जाडे | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | २९ | कमला भुसाल | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | ३० | उषा बस्नेत | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | ३१ | सुमित्रा वि.क. | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | ३२ | माधवी बन्जाडे | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | ३३ | छमा क्षेत्री | का.स. | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० | | |
| | | | | ३४ | अन्जु मुखीया | स्विपर | १८००० | १२ | २१६००० | १०००० | १८००० | २४४००० | | |
| | | | | ३५ | शस बहादुर नेपाली | ट्र्याक्टर चालक | २३८५० | १२ | २८६२०० | १०००० | २३८५० | ३२००५० | | |
| | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | छन्द बहादुर पाण्डे | सरसफाई सहयोगी | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० |
| ३७ | सन्तोष लम्साल | का.स | १९४८० | १२ | २३३७६० | १०००० | १९४८० | २६३२४० |
| ३८ | रामजी भट्टराई | सरसफाई सहयोगी | १९४८० | ११ | २१४२८० | १०००० | १९४८० | २४३७६० |
| ३९ | सुमा टण्डन खत्री | का.स. | १०००० | १० | १००००० | | | १००००० |
| ४० | वविता रायमाझी | का.स. | १०००० | १० | १००००० | | | १००००० |
| ४१ | मिना ज्ञवाली गिरी | का.स. | १०००० | १० | १००००० | | | १००००० |
| ४२ | माया श्रेष्ठ | का.स. | १०००० | १० | १००००० | | | १००००० |
| ४३ | सुनिता पन्थी चुदाली | का.स. | १०००० | १० | १००००० | | | १००००० |
| | जम्मा | | | | ९२९६९५५ | २७०००० | ५८५४६० | १०१५२४१५ |

| | | | | |
|---|---|---|---|---|
| १५.३ | | | **वडा सचिवको पदपूर्ति** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी १२ रहेकोम १३ जना कार्यरत रहेको देखियो । दरबन्दी भन्दा बढि पदरपुर्ती भएको पद जिल्लास्थित अन्यत्र स्थानीय तहमा समायोजन गरिनु पर्दछ ।साथै स्वीकृत दरबन्दी भन्दा बढि हुने गरी पदपुर्ती गरिनु हुँदैन । | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | बढि पूर्ती संख्या |
|---|---|---|---|
| 12 | 12 | 13 | १ |

१६ १८ १३८

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको २० गरी कुल २४ विवाद दर्ता भएकोमा १९ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| भौ नं मिति | व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| २२४।२०७८।३।२२ | भाडा भुक्तानीमा कर कट्टी नगरेको रु | ३९०० |
| १९९।२०७८।३।२० | ढुवानी भाडा भुक्तानीमा वढी खर्च लेखेको असुल गर्नुपर्ने रु | ५५० |
| २५०।२०७८।३।२५ | पारिश्रमिक तथा भता वितरणमा कर कट्टा नगरेको रु | २९२५ |
| २३८।२०७८।३।२३ | ढुवानी भाडामा कर कट्टी नगरेको असुल गर्ने रु | ३१५० |
| १०।२०७७।५।२२ | वहाल कर कट्टी नगरी भुक्तानी दिएको रु | १०५५ |
| १६१।२०७७।८।२५ | वहाल कर घटी कट्टी गरेको रु | ४०० |
| २१३।२०७७।९।७ | वहाल कर घटी कट्टी गरेको रु | ७५६ |
| ३१८।२०७७।१०।५ | सामान ढुवानीमा कर कट्टा नगरेको रु | २०० |
| ३२०।२०७७।१०।५ | वहाल कर कम कट्टी गरेको रु | १५० |
| ३३७।२०७७।१०।२ | अग्रिम आयकर घटी कट्टी गरेको रु | ४६९ |
| ३८९।२०७७।१०।२ | अग्रिम आयकर घटी कट्टी गरेको रु | १५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| ४८३।२०७७।१२।५ | वहाल कर घटी कट्टी गरेको रु | २७० |
| ६६७।२०७८।१।२० | वहाल कर घटी कट्टी गरेको रु | ३०० |
| ६७२।२०७८।१।२० | वहाल कर कट्टी नगरेको रु | ६०० |
| ७४९।२०७८।२।१३ | वहाल कर वुझाएको रसिद पेश गर्नुपर्ने रु | १०५० |
| ९४४।२०७८।३।२३ | अग्रिम आयकर घटी कट्टी गरेको रु | ८६३ |
| | असुल गर्नुपर्ने रु | १८१३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्तमा एकै पटक गराएको देखियो । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको व्यहोराहरु उपर कार्यालयले प्रतिक्रिया दिने र सम्परीक्षण गराउने गरेको देखिएन। लेखापरीक्षणको समयमा आन्तरिक लेखापरीक्षण अधिकृतको उपस्थिति रहेन ।अतः आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गर्ने र लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरु उपर कारवाही गर्ने गरिनु पर्दछ । बहाल कर बापत रु ५००० दाखिला भएको तथा आइ इ इ एस कन्सल्टेन्सीलाई रु ४९७००० भुक्तानी गरेको विल भरपाई प्रतिक्रियासाथ पेश गरेकोले रु ५०२००० बेरूजु हटाई रु १८१३८ बाँकी देखिएको रु | १८,१३८ |

| भौ नं मिति | व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| २२४।२०७८।३।२२ | भाडा भुक्तानीमा कर कट्टी नगरेको रु | ३९०० |
| १९९।२०७८।३।२० | ढुवानी भाडा भुक्तानीमा वढी खर्च लेखेको असुल गर्नुपर्ने रु | ५५० |
| २५०।२०७८।३।२५ | पारिश्रमिक तथा भता वितरणमा कर कट्टा नगरेको रु | २९२५ |
| २३८।२०७८।३।२३ | ढुवानी भाडामा कर कट्टी नगरेको असुल गर्ने रु | ३१५० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १०।२०७७।५।२२ | वहाल कर कट्टी नगरी भुक्तानी दिएको रु | १०५५ | | |
| | | | | १६१।२०७७।८।२५ | वहाल कर घटी कट्टी गरेको रु | ४०० | | |
| | | | | २१३।२०७७।९।७ | वहाल कर घटी कट्टी गरेको रु | ७५६ | | |
| | | | | ३१८।२०७७।१०।५ | सामान ढुवानीमा कर कट्टा नगरेको रु | २०० | | |
| | | | | ३२०।२०७७।१०।५ | वहाल कर कम कट्टी गरेको रु | १५० | | |
| | | | | ३३७।२०७७।१०।२ | अग्रिम आयकर घटी कट्टी गरेको रु | ४६९ | | |
| | | | | ३८९।२०७७।१०।२ | अग्रिम आयकर घटी कट्टी गरेको रु | १५०० | | |
| | | | | ४८३।२०७७।१२।५ | वहाल कर घटी कट्टी गरेको रु | २७० | | |
| | | | | ६६७।२०७८।१।२० | वहाल कर घटी कट्टी गरेको रु | ३०० | | |
| | | | | ६७२।२०७८।१।२० | वहाल कर कट्टी नगरेको रु | ६०० | | |
| | | | | ७४९।२०७८।२।१३ | वहाल कर वुझाएको रसिद पेश गर्नुपर्ने रु | १०५० | | |
| | | | | ९४४।२०७८।३।२३ | अग्रिम आयकर घटी कट्टी गरेको रु | ८६३ | | |
| | | | | | असुल गर्नुपर्ने रु | १८१३८ | | |
| १८ | | | **पदाधिकारी सुविधा** | | | | | |
| १८.१ | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ३ मा लुम्विनी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ ३ मा राजपत्रमा | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रकाशन गरेको र उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीहरुलाई दिएको वैठक भत्ताको विवरण पेश गरेको छैन ।पालिकाले पदाधिकारीको यो वर्ष उल्लिखित सेवा सुविधामा निम्नानुसार रु. १ करोड ३३ लाख ४५ हजार खर्च लेखेको देखिन्छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.१२ जना | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ४० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| २ | इन्धन | १४५९२० | १४५९२० | | | | २९१८४० |
| ३ | यातायात खर्च | ० | ० | १७२८००० | ६७२००० | १६८०००० | ४०८०००० |
| ४ | टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ४३२००० | २८८००० | १२००००० | २०१६००० |
| ५ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ६०००० | ५७६००० | २८८००० | ९६०००० | १९४४००० |
| ६ | जनसम्पर्क तथा विशेष कार्यसुविधा | १५६००० | ९६००० | १००८००० | ४८०००० | १४४०००० | ३१८०००० |
| ७ | अतिथि सत्कार | ८४००० | ७२००० | ८६४००० | ० | ० | १०२०००० |
| ८ | खानेपानी /सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ९ | मर्मतसम्भार /बिद्युत उर्जा | ६०००० | ६०००० | | | | १२०००० |
| १० | चाडपर्व खर्च | १५००० | १५००० | १४४००० | ८०००० | ३२०००० | ५७४००० |
| | जम्मा | ६२८९२० | ५५६९२० | ४७५२००० | १८०८००० | ५६००००० | १३३४५८४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.२ | | | **पदाधिकारी अन्य सुविधाको प्रमाण** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जन मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु ४०८०००० टेलिफोन तथा मोवाइल रु. २०१६००० पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु १९४४००० जनसम्पर्क विशेष कार्यसुविधा रु ३१८०००० अतिथि सत्कारमा रु. १०२०००० मर्मत सम्भारमा रु १२०००० खानेपानी विजुली सरसफाईमा रु. १२०००० समेत रु.१२४८०००० खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. १२४८०००० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| १८.३ | | | **सवारी साधन सुविधा** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले यातायात सुविधा उपलब्ध गराउने छ सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात पाउने ब्यवस्था छ । कार्यालयमा ३ वटा चारपाङ्ग्रे मोटर र वडा अध्यक्षहरुले प्रयोग गरेका १२ वटा मोटरसाइकल रहेको जिन्सी खाताबाट देखियो । कार्यालयको सवारी सधान प्रयोग गरिरहेका पालिकाका उपाध्यक्ष र वडा अध्यक्षहरुले यातायात खर्च पाउनकैलागि कार्यालयको सवारी साधन फिर्ता गरेका छन् । कार्यालयले कार्यालयको ३ वटा चारपांग्रे सवारी साधन र मोटरसाईकलहरु हुँदा हुँदै पदाधिकारीकालागी खरिद भएका मोटर साईकलहरु फिर्ता गरेको आधारमा यस बर्ष यातायात साधन प्रयोग नगर्ने १२ वटा वडा अध्यक्षलाई रु.१७२८०००० यातायात भत्ता दिएको छ। अतः कार्यालयमा सवारी साधन हुँदाहुँदै साविकमा सरकारी सवारी साधन प्रयोग गर्न नचाहेर प्रयोग नगरेका तथा सवारी साधन फिर्ता गरेका पदाधिकारीहरुको यातायात खर्च यकिन गरि असूल गरि यस प्रकारको खर्च तत्काल नियन्त्रण गरिनु पर्दछ । | |

| सि.न. | दर्जा | पदाधिकारीहरुको नाम | सवारी नं. | खरिद मुल्य | सवारी बुझेको मिति | फिर्ता गरेको मिति |
|---|---|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | युवराज बन्जाडे | १७७९ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | वडा अध्यक्ष | मोतीजङ्ग रायमाझी | १७७७ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ३ | वडा अध्यक्ष | लिलाराम गौतम | १७७८ | २४१५००।- | २०७५/२/२३ | २०७७ आषाढ | | |
| | | | | ४ | वडा अध्यक्ष | कृष्णप्रसाद श्रेष्ठ | १७८१ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ५ | वडा अध्यक्ष | राजेन्द्र आचार्य | १७७८ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ६ | वडा अध्यक्ष | कृष्ण बहादुर आचार्य | १७८५ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ७ | वडा अध्यक्ष | प्रितम बहादुर थापा | १७८३ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ८ | वडा अध्यक्ष | ईश्वरी प्रसाद भुसाल | १७८० | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | ९ | वडा अध्यक्ष | देवी बहादुर रायमाझी | १७८७ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | १० | वडा अध्यक्ष | लक्ष्मी नारायण चुदाली | १७८२ | २४१५००।- | २०७५/२/२३ | २०७७ आषाढ | | |
| | | | | ११ | वडा अध्यक्ष | धुर्वराज आचार्य | १७८६ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | १२ | वडा अध्यक्ष | नारायण खड्का | १७८४ | २४१५००।- | २०७५/२/२२ | २०७७ आषाढ | | |
| | | | | | जम्मा | | १२ वटा | २८९८०००।- | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.४ | | | **इन्धन र मोविल सुविधा** स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धि ऐन २०७६ मा २०७७।०३।२४ मा भएको संशोधन अनुसार नगरपालिकाका प्रमुख तथा उप प्रमुखलाई प्रयोग गर्ने सवारी साधनमा मासिक सवारी इन्धन १२० लिटर र त्रैमासिक भयमा मोविल ५ लि दिने व्यवस्था छ । कार्यालयले ३ वटा ४ पांग्रे सवारी साधन रहेकोमा एक सवारी नगर प्रमुख र अर्को नगर उपप्रमुख समेतले तथा तेस्रो सवारी साधन कार्यालय प्रयोजनका लागि प्रयोग हुने गरेको देखियो । उल्लेखित सवारी साधनहरुमा कार्यालयले नियमित इन्धन राखी नगरका प्रमुख तथा उपप्रमुखले ऐन अनुसार पाउने इन्धन सुविधा भन्दा वढी खर्च गर्ने गरेको समेत देखिएको छ। तर कार्यालयले देहाय अनुसार मासिक इन्धन खर्च र त्रैमासिक मोविल खर्च नगदै मासिक सुविधा रकममा समावेस गरी नगरका प्रमुख तथा उपप्रमुखलाई भुक्तानी दिने गरेको देखियो । अत-ऐनले नगदै भुक्तानी दिने व्यवस्था नगरेको र कार्यालयको सवारी साधनको समेत ऐनले निर्धारण गरेको सुविधाको प्रयोग गरेको देखिएकोले पदाधिकारीहरुलाई इन्धन सुविधा स्वरुप नगदै दिन मिल्ने नदेखिएको रु | २९१,८४० |

| सि.न. | भौ.नं.मिती | उप-प्रमुख | | प्रमुख | | दुवैको जम्मा |
|---|---|---|---|---|---|---|
| | | इन्धन | मोविल | इन्धन | मोविल | |
| १ | ६३-२०७७ऽ०६।२८ | ३२७६० | २१०० | ३२७६० | २१०० | ६९७२० |
| २ | २११-२०७७।०९।२१ | ३२७६० | २१०० | ३२७६० | २१०० | ६९७२० |
| ३ | ४२१-२०७७।१२।२३ | ३६००० | २१०० | ३६००० | २१०० | ७६२०० |
| ४ | ५४८-२०७८।०३।०३ | ३६००० | २१०० | ३६००० | २१०० | ७६२०० |
| जम्मा | | १३७५२० | ८४०० | १३७५२० | ८४०० | २९१८४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.५ | | | **मोटर साईकल खरिद** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले यातायात सुविधा उपलब्ध गराउने छ । कार्यालयले पेश गरेको विवरण अनुसा २०७८ बैशाखमा रु २६६८०० को एक मोटरसाइकलसमेत खरिद गरि नगरपालिकाका उप प्रमुखद्वारा प्रयोग गरेको देखियो । तर उप प्रमुखद्वारा चार पाँग्रे गाडी पनि प्रयोग भएकोले दोहोरो यातायात सुविधा प्रयोग गरेको देखियो । दोहोरो यातायात सुविधामा नियन्त्रण गरिनु पर्दछ । | |
| १८.६ | | | **वढी इन्धन खपत** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी 2076 को दफा 4 मा सवारी साधन प्रयोग गर्न पदाधिकारीलाई मासिक 120 ली प्रेटोल मोविल त्रैमासिक ५ ली पाउने व्यवस्था छ । कार्यालयमा ३ वटा गाडी उपलब्ध रहेकोमा ३६६ नं को स्कारपियो नगर प्रमुख समेतले प्रयोग गर्नु भएको वोलेरो 313 नं. गाडी नगर उपप्रमुखले प्रयोग गर्नुभएको र ५८५ नं को सफारी गाडी कार्यालयको प्रयोजनको लागी प्रयोग गरेको देखियो । नगरपालिकाका प्रमुख श्री कमल प्रसाद भुसाल र उप-प्रमुख श्री ठाकुर कुमार वि.क.द्वारा सवारी साधन प्रयोग गर्दा ऐनले तोकेको सिमा भन्दा देहाय अनुसार वढी खर्च गरेकाले थप व्ययभार पारेको देखिएको रु | १७०,३६२ |

| सि.न. | प्रयोग गर्नेको नाम | महिना | खर्च लिटर | दिनुपर्ने | बढि लि | प्रति लि | रु |
|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रमुख लगायत आवश्यक्ता अनुसार कर्मचारीहरु | श्रावण | - | - | - | ० | - |
| | | भाद्र | ४० | १२० | ० | | |
| | | असोज | २१५ | १२० | ९५ | ८१/१५ | ७७०९।- |
| | | कार्तिक | २०० | १२० | ८० | ८०/२६ | ६४२०।- |
| | | मंसिर | २१२ | १२० | ९२ | ८२/०३ | ७५४६।- |
| | | पौष | ३१० | १२० | ९० | ८२/०३ | ७३८२।- |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माघ | ६७ | १२० | | | | | |
| | | | | | | फाल्गुन | २८७ | १२० | १६७ | ८७/३४ | १४५८५।- | | |
| | | | | | | चैत्र | २९४ | १२० | १७४ | ९१/०६ | १५८४४।- | | |
| | | | | | | बैसाख | २४० | १२० | १२० | ९३/७१ | ११२४५।- | | |
| | | | | | | जेष्ठ | १९१ | १२० | ७१ | ९५/४८ | ६७७९।- | | |
| | | | | | | आषाढ | १९३ | १२० | ७३ | १००/७० | ७३५१।- | | |
| | | | | जम्म | जम्मा | | २२४९ | १४४० | ९०९ | | ८४८६१।- | | |
| | | | | २ | नगर उप प्रमुख लगायत आवश्यक्ता अनुसार कर्मचारीहरु | | | | | | | | |
| | | | | | | श्राबण | २४५ | १२० | १२५ | ८१/१५ | २२६८।- | | |
| | | | | | | भाद्र | २७५ | १२० | १५५ | ८२/०३ | १२७१४।- | | |
| | | | | | | असोज | २२० | १२० | १०० | ८१/१५ | ८११५।- | | |
| | | | | | | कार्तिक | ४४ | १२० | | | | | |
| | | | | | | मंसिर | - | १२० | - | ८२/०३ | ९८४३।- | | |
| | | | | | | पौष | २५५ | १२० | १३५ | ८२/०३ | ११०७४।- | | |
| | | | | | | माघ | १४० | १२० | २० | ८५/५७ | १७११।- | | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | फाल्गुण | १७६ | १२० | ५५ | ८७/३४ | ४८०३।- | | |
| | | | | | | चैत्र | २५४ | १२० | १३४ | ९१/०६ | १२२०२।- | | |
| | | | | | | बैशाख | ३६३ | १२० | २४३ | ९३/७१ | २२७७१।- | | |
| | | | | | | ज्येष्ठ | ४६ | १२० | | | | | |
| | | | | | | आषाढ | ९० | १२० | | | | | |
| | | | | जम्मा | जम्मा | | २१०८ | १४४० | ८६३ | | ८५५०१।- | | |
| | | | | | कूल | | | | | | १७०३६२।- | | |
| १९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ मात्र रु.२८००००० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | | | | | | | | | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु. ५००००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गरिनु पर्दछ । | | | | | | | | | | |
| २१ | | | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेका छन ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.२ | | | **अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७* असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु १,२४.३४,९५८ देखिएको छ ।<br>कायालयको मिति २०७९।०१।२८ को प्रतिकृया उपर कारवाही हँदा यस बुँदामा रहेको १,२४.३४,९५८।- प्रदेश तथा संघीय बेरुजू खातामा दाखिला भएको प्रमाण पेश भएकोमा २०७९।०३।९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखनेसम्म योजनका लागि यहाँ दर्शाइएको हो । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 484665810 | 364082598.2 | 113685211.9 | 6898000 |
| | विषेश | 15000000 | 10463041.96 | 0 | 4536958.04 |
| | समपुरक | 19900000 | 19195853.65 | 704146.35 | 0 |
| प्रदेश सरकार | शसर्त | 21350000 | 19694350 | 655650 | 1000000 |
| | विषेश | 7000000 | 6938436 | 61564 | 0 |
| | समपुरक | 20000000 | 19575961 | 424039 | 0 |
| | जम्मा | 567915810 | 439950241 | 115530611 | 12434958 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **वितरणमुखी कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.१ | | | स्थानीय सरकार संचालन ऐन 2074 को दफा २४(3) को (क) र (ख) मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई अधिकतम प्रतिफल दिने गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने पूर्वाधार विकास तथा दिर्घकालिन पुँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका सप्लायर्स/आपुर्तिकर्ताबाट एच. डि. पि. ई पाईपहरु खरिद गरी विभिन्न व्यक्ती/संस्थाहरुलाई नगरपालिकाका प्रमुख,उपप्रमुख तथा वडा अध्यक्षहरुले तोकआदेशको आधारमा बाँडेका छन्। यसरी पाईपहरु खरिद गरी बाँड्नु कानुन सम्मत मिल्दैन । नगरपालिकाले योजना तर्जुमा गरी सो योजनामा जडान हुनुपर्नेमा व्यक्तिगत रुपमा पाईपहरु बाँडफाँड गरेका ले यसमा नियन्त्रण गरिनु पर्दछ । यसका केही उदाहरणहरु देहाय अनुसार छन् | |

| भौ.नं. र मिती | विवरण | परिमाण | एकाई | सप्लायर्स | रकम |
|---|---|---|---|---|---|
| 72-2078/03/23 | मेटलिड बुकिङ स्टोम | गोटा | 17 | | 98931 |
| | 10 वाट सोलार प्यानल | सेट | 50 | | 494760 |
| 654-078।01।19 | आर्थिक अवस्था कमजोर भएका नगरवासीलाई एच.डि.पि ई जस्ता पाता त्रिपाल वितरण | | | | 1060657 |
| 529-077।12।27 | राँगो खरिद तथा वितरण | | | | 479200 |
| 273-077।09।20<br>1115-078।03।30 | विभिन्न 2650 जम्मा किसानहरु लाई गाई भैसी सुत्केरी कार्यक्रम गरि रु 2000 का दरले वितरण | | | | 5300000 |
| 848-078।03।13 | कृषि औजार कम्वाइनमिल मिनिटिलर 100 प्रतिशत अनुदानमा वितरण | | | | 194000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>अनुत्पादक कार्यमा खर्च कार्यालयले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतमा प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्दछ । कार्यालयले देहाय अनुसारका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ। त्यस्तो खर्चमा मितव्ययिता कायमा गरुतु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउँने उ.स .को नाम</th><th>भौचर नं. र मिती</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>1</td><td>नरपानी विपि स्मृती पार्क</td><td>24-२077/12/31</td><td>पार्क निर्माण</td><td>880192</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>निर्माण कार्य व्यवस्थापन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१ | | | **खरिद सम्झौता** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदियत्व नियमावली २०७७ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यहरु प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार यो वर्ष ६२ वटा ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिक १० वटा, दोश्रो चौमासिकमा २० वटा र अन्तिम चौमासिकमा ३२ वटा ठेक्का बन्दोवस्त गरेको र सो मध्ये आषाढ महिनामा मात्र ९ वटा ठेक्का बन्दोवस्त गरेको देखियो । आर्थिक वर्षको अन्तमा गरिने ठेक्का सम्झौता अनुसारको निर्माण कार्य वर्षातको मौसममा हुने भएकोले गुणस्तर नियन्त्रण हुन सक्दैन । अतः नियमावलीमा निर्धारित व्यवस्था अनुसार ठेक्का बन्दोवस्त गरिनु पर्दछ । | |

| सि.नं. | कार्यक्रम विवरण | जम्मा ठेक्का | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | | आषाढ महिना | | यो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सख्या | रकम | सख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | भवन निर्माण | २ | २१००० | | | | | २ | २१००० | | | २ | २१००० |
| २ | सिचाइ कुलो | १ | १००० | | | १ | १००० | | | | | १ | १००० |
| ५ | सडक राम्रो | ३५ | १०३६४० | ७ | २२२५२ | १४ | ४८५६६ | १४ | २८८०६ | | | ३५ | ९८४४२ |
| ६ | पर्यटन पूर्वाधार निर्माण | ९ | २६१६४ | १ | १५०० | ४ | १४१७५ | ४ | १०४८९ | २ | ५३६४ | ९ | २६१६४ |
| ७ | खेलमैदान निर्माण | ३ | ३१९४ | १ | १५०० | | | २ | १६९४ | १ | २०० | ३ | ३१९४ |
| ८ | अन्य | १२ | १७५१६ | १ | ७२३ | १ | १३४९ | १२ | ९४४५ | ६ | ४०७४ | १२ | १६०१७ |
| | जम्मा | ६२ | १७२५१४ | १० | २५९७५ | २० | ६५०९० | ३२ | ५०४३४ | ९ | ९६३८ | ६२ | १७०८१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | **खरिद इकाइ र खरिद योजना** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन । | |
| २३.३ | | | **निर्माण कार्यको विमा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केहीको विमा नगराएको, केहीको विमाको प्रमाण नभएको र केहीको घटी अवधिको विमा गराएको देखियो । यसका केही उदाहरण देहाय अनुसार छन । अतः नियमावली अनुसार निर्माण कार्यको विमा गराई जोखिम न्यूनीकरण गरिनु पर्दछ । | |

| ठे.नं | कार्यविवरण | निर्माण व्यवसायीको नाम | सम्झौता अंक | यो वर्ष खर्च रु | सम्पन्न गर्नुपर्ने मिति | विमाको मिति | विमा हुनुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| २४÷२०७६।७७ | वडा नं ३ भवन निर्माण | पौडेल कन्स्ट्क्सन | ३६५६६६७ | १७११९७४ | २०७७।११।३० | नगराएको | २०७८।११।३० |
| २५÷२०७६।७७ | स्वास्थ्य भवन निर्माण | पौडेल कन्स्ट्क्सन | ३६१०११८ | ३६०९५३० | २०७७।११।३० | २०७७।११।३० | २०७८।११।३० |
| २६÷२०७६।७७ | स्वास्थ्य भवन निर्माण | पुष्पा निर्माण सेवा | ३२८०५०० | १७४०८९६ | २०७७।११।३० | नगराएको | २०७८।११।३० |
| ५०÷२०७७।७८ | कोल्ड स्टोरेज भवन | लुम्बिनी अर्घाखाँची जे भी | ७७९४७२०८ | ६९००००० | २०७९।१२।१६ | २०७९।३।२५ | २०८०।१२।१६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.४ | | | **कार्यसम्पादन जमानत** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व DLP को अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केही निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि घटि रहेको देखियो । यसका केही उदाहरण देहाय अनुसार छन् । अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्दछ । | |

| ठे.नं | कार्यविवरण | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | जमानतको मान्य अवधि | हुनु पर्ने मान्य अवधि |
|---|---|---|---|---|---|---|
| ३।०७७।०७८ | कालोपत्रे सडक नि. | खाँचि नि.सेवा | ११६२१३०९ | २०७८।०७।३० | २०७९।०१।३० | २०७९।०८।३० |
| २९।०७७।०७८ | कालोपत्रे सडक नि. | सागर निर्माण सेवा | ९९१७७४२ | २०७८।०७।३० | २०७९।०३।३२ | २०७९।०८।३० |
| ५५।०७७।०७८ | कालोपत्रे सडक नि | इच्छा निर्माण सेवा | ३९०२६३२ | २०७८।०७।३० | २०७९।०४।३१ | २०७९।०८।२९ |
| ५६-०७७।०७८ | कालोपत्रे सडक नि | इच्छा निर्माण सेवा | ५१९८३३६ | २०७८।०७।३० | २०७९।०४।३१ | २०७९।०८।२९ |
| ४२-०७७।०७८ | कालोपत्रे सडक नि. | भुसाल कन्सट्रक्सन | १२३८५०९ | २०७८।१२।३० | २०७९।०३।१२ | २०८०।०१।३० |
| ४१-०७७।०७८ | कालोपत्रे सडक नि. | भुसाल कन्सट्रक्सन | ३५६०७३० | २०७८।१२।३० | २०७९।०३।१२ | २०८०।०१।३० |
| ६९-०७७।०७८ | औधोगिक ग्राम नि. | कमल नि.सेवा | २४१४२०६ | २०७८।०७।३० | २०७९।०४।३१ | २०८०।०५।३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.५ | | | **गुणस्तर परिक्षण** सार्वजनिक खरिद नियमावली मा सार्वजनिक निर्माण कार्य निर्माण कार्यमा प्रयोग गरिने हुने निर्माण सामग्रीको सरकारी प्रयोगशालामा ल्याव टेष्ट गराउनु पर्ने व्यवस्था छ। नगरपालिकाले ठे-नं.35-076।77को वडा नं. 1 र 2 भित्रका वडाहरु मा कालोपत्रे तथा नाली मर्मत कार्य गर्न खनाल ब्रोदर्स कन्सट्रक्सन सन्धिखर्क संग सम्झौता गरेकोमा CRM Bitunints subbase matenals लगाएतको निर्माण सामाग्रीको ल्याब टेष्ट रिपोर्ट वेगर भुक्तानी गरेको छ । नगरपालिका ले निर्माण गुणस्तरीय भर्पर्दो वनाउन निर्माण सामग्रीहरुको ल्याब टेष्ट अनिवार्य रुपमा सरकारी प्रयोगशालामा गराई भुक्तानी दिनुपर्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.६ | | | **कार्यालयले ठे.नं.** २६ २०७६।०७७ स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागत अनुमान रु ३९,११,९४०।-भएकोमा निर्माण व्यवसायिक संग रु ३२,८०,५००/८५ मा ठेक्का संझौता हुँदा गुणस्तर परिक्षण गर्न ल्याप टेष्ट BOQ मा ल्याव परिक्षणका लागि रु २०,०००। विनियोजन गरेको देखियो । तर कार्यलायले गुणस्तर परिक्षणका लागि ल्याव टेष्ट गराएको छैन र खर्च पनि भएको देखिएन । निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीहरु प्रयोगशाला परिक्षण गरी गुणस्तर सुनिश्चितता गरिनु पर्दछ । | |
| २३.७ | | | **ठे.नं.** २4 2076/77 मा वडा नं. 3 स्थित स्वास्थ्य केन्द्र भवन लागत अनुमान रु 3909680 भएकोमा पौडेल कन्सट्रक्सनको कवोल अंक रु 3656676 स्विकृत गरी कार्य गराउँदा वि ओ क्यु मा प्रयोगशालमा परिक्षणका लागी रु 30000 विनियोजन भएकोमा प्रयोगशाला परिक्षण गराएको छैन र खर्च लेखेको पनी छैन । | |
| २३.८ | | | **एज विल्ट नक्शा** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिम को एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण गराएका देहायका कार्यहरुको व्यवसायीले एजविल्ट नक्शा पेश गरेको देखिएन । अतः निर्माण कार्यको एज विल्ट नक्शाको item खर्च नरहेता पनि नियमानुसार पेश गरिनु पर्दछ । | |

| सि न | ठेक्का नं. | निर्माण कार्य | व्यवसायी | सम्झौता रकम | खुद खर्च | नक्सा खर्च |
|---|---|---|---|---|---|---|
| १ | २४÷२०७६।७७ | वडा नं ३ भवन निर्माण | पौडेल कन्स्ट्क्सन | ३६५६६६७ | ३५५६१७५ | ० |
| २ | २५÷२०७६।७७ | स्वास्थ्य भवन निर्माण | पौडेल कन्स्ट्क्सन | ३६१०११८ | ३६१०००८ | ० |
| | २६÷२०७६।७७ | स्वास्थ्य भवन निर्माण | पुष्पा निर्माण सेवा | ३२८०५०० | ३२८०३३१ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.९ | | | **नापी किताब** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब(Measurement BooK) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ । यसका केही उदाहरुणहरु देहाय अनुसार छन् । | |

| ठेक्का नं. | निर्माण कार्य विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता अंक | हालसम्मको खर्च | यो बर्षको खर्च |
|---|---|---|---|---|---|
| २४-२०७६।७७ | ३ नं. वडा भवन | पौडेल कन्ट्रक्सन | ३६५६६७६ | ३६५६१७५ | १७११९७४ |
| ३९-२०७६।७७ | गर्लाम अर्घा खा.पा.योजना | लुम्विनी अर्घा जे.भी. | २४३६६३८६ | १८६७५९४४ | १३०६२७४६ |
| २६-२०७६।७७ | वडा भवन निर्माण | पुष्पा निर्माण सेवा | ३२८०५०० | ३२८०३३० | १७४०८९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.१० | | | **कार्यसम्पन्न तथा कार्य स्विकार प्रतिवेदन** सनर्वजनिक खरिद नियमावली 2064 को नियम ११7(1)मा भएको निर्माण कार्य आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ,सोहि नियमावली को नियम 125(2) मा निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व को अवधी समाप्त भएपछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाईन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारिबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत स्विकृत लागत अनुमान अनुसार निर्माण कार्य सम्पन्न भएपछी पहिला सो निर्माण कार्यको स्वीकार गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । नगरपालिकाले नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ । केहि उदाहरणहू यस प्रकार छन । | |

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता अंक | सम्पन्न मिति |
|---|---|---|---|---|
| 24-2076/77 | 3 नं. वडा भवन | पौडेल कन्सट्रक्सन | 3656676 | 2077/11/30 |
| 25-2076/77 | स्वास्थ्य चौकी भवन 10 नं. वडा | पौडेल कन्सट्रक्सन | 3610119 | 2077/11/30 |
| 26-2076/77 | स्वास्वथ्य चौकी वडा नं. 3 | पुष्पा निर्माण सेवा | 3280500 | 2077/11/30 |
| 13-2076।077 | ववी सामुदायिक भवन | पौडेल कन्सट्रक्सन | 1003043 | 2077।09।20 |
| थप कार्य | ववी सामुदायिक भवन | पौडेल कन्सट्रक्सन | 458957 | 2078।01।31 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.११ | | | **परामर्शदाताको अवधी थप** गो.भौं.नं. 18-2077/12/09 मा सार्वजनिक खरिद नियमावली 2074 को नियम 121 मा परामर्शदाताले सम्झौतामा तोकिएको म्यादमा काम सम्पन्न गर्न नसकेमा सम्झौता रकमको 10 प्रतिशतमा नबढ्ने गरी प्रती दिन सम्झौता रकमको 10 प्रतिशतमा नबढ्ने गरि प्रति दिन सम्झौता रकमको 0.05 प्रतिशत प्रतिदिन क्षतिपुर्ती दिनुपर्ने व्यवस्था छ । कार्यालयले लागत सहभागितामा हाटबजार तथा कोल्ड स्टोर निर्माणको लागी डिपि आर तयार गर्न अलमा इन्टरनेशनल संग 2077/09/29 सम्ममा कार्यसम्पन्न गर्ने गरि 2077/08/03 मा सम्झौता तथा खरिद आदेश दिई रु 13,53,740 (मु अ कर समेत) भुक्तानी गरेको र निजले 2077/09/05 मा परामर्शदाताले म्याद थपका लागी निवेदन गर्दा कुनै कारण उल्लेख नगरेको र माग बमोजिम 50 दिन म्याद थप माग गरेको देखियो । परामर्श दाताले मनासिव कारण बेगर म्याद थप माग गरेकम क्षतिपूर्ती सहित म्याद थप गर्नु पर्नेमा मनासिब कारण उल्लेख नगरेकोले क्षतिपूर्ति नलगाई म्याद थप गरेको देखियो । नियमावलीको व्यवस्थाको अनुशार गरिनु पर्दछ। | |
| २३.१२ | | | **चेनेज नम्बर** सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निर्माण गर्दा चेनेज नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस वर्ष सम्पन्न गरेका प्राय: जसो सबै निर्माण योजनाहरुमा निर्माण कार्य गर्दा चेनेज उल्लेख गरेको छैन । चेनेज नम्बर उल्लेख नगर्दा एउटै निर्माण कार्यको डुब्लिकेशन हुने प्रवल सम्भावना हुन्छ । अत: नगरपालिकाले लागत अनुमान तयार देखि नै चेनेज नम्बर उल्लेख गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| २३.१३ | | | **मुल्य समायोजन** सार्वजनिक खरिद नियमावली 2064 को नियम 119 अनुसार सार्वजनिक निकायले मुल्यसमायोजन गर्न सकिने कुरा खरिद सम्झौता उल्लेख गर्नुपर्ने र त्यस अनुसार मुल्य समायोजन गर्न सकिने व्यवस्था छ । कायर्यालयले देहाय अनुसारको निर्माण कार्यको मूल्य समायोजन भुक्तानी गर्दा नेपाल राष्ट्र बैंकको अध्यावधिक प्राइस ईन्डेक्सको आधारमा रु 1654296 मूल्य समायोजन दिनुपर्नेमा अध्यवधिक नहुंदैको प्राइम इन्डेक्सको आधारमा रु 1951842 भुक्तानी गरेकोले वढी भुक्तानी देखिएको मूल्य समायोजन रु 297546 सम्वन्धित निर्माण व्यवसायिबाट असुल गर्नु पर्ने देखिएको रु | २९७,५४६ |

| सि.नं | ठेक्का नं. | निर्माण व्यवसायी | दिएको | दिनुपर्ने | वढी रु |
|---|---|---|---|---|---|
| 1 | 22-2076/077 | वडा नं.3,4,8,9,11 | 1454226 | 1271023 | 183203 |
| 2 | 39-2076/077 | गर्लाम अर्घा लिफ्ट खानेपानी | 497616 | 383273 | 114343 |
| | जम्मा | | 1951842 | 1654296 | 297546 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २४.१ | | | **कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>आय शीर्षक / अनुमान / असुली / असुली प्रतिशत<br>एकीकृत सम्पत्ति कर र घरजग्गा कर / २२५०००० / २३८०५५६.११ / १०५।८०<br>घरजग्गा बाहाल कर / २५००००० / २५०८२३५.३३ / १००।३२<br>व्यवसाय कर / २५००००० / २७३४५९५ / १०९।३८<br>वहाल विरौटी शुल्क / २०००००० / १०२९४१४ / ५१।४७<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २४.२ | | | **राजश्व वाँडफाँड** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाएको देखियो ।<br><br>आय शीर्षक / संकलित रकम / प्रदेशलाई पठाउनु पर्ने प्रतिशत / पठाएको रु / बाँकी रकम<br>विज्ञापन कर / ० / ० / ० / ०<br>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी / ४१८४९०८ / ४० / १६७३९६३।१८ / ० | |

Nested tables from the cells above:

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २२५०००० | २३८०५५६.११ | १०५।८० |
| घरजग्गा बाहाल कर | २५००००० | २५०८२३५.३३ | १००।३२ |
| व्यवसाय कर | २५००००० | २७३४५९५ | १०९।३८ |
| वहाल विरौटी शुल्क | २०००००० | १०२९४१४ | ५१।४७ |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रु | बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | ० | ० | ० | ० |
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ४१८४९०८ | ४० | १६७३९६३।१८ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २४.३ | | | **राजश्व अभिलेख** कार्यालयले राजश्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको अद्यावधिक अभिलेख रसिद नियन्त्रण खाता राखेको नदेखिएकोले नगदि रसिदको आम्दानी खर्च र बाँकीको अवस्था यकिन गर्न सकिएन । यसको अभावमा व्यक्तिगत रुपमा रसिद छपाई गरि राजश्व मस्यौट हुने जोखिम रहन्छ । यसतर्फ कार्यालयले आवश्यक ध्यान दिनु जरुरी देखिन्छ । | |
| २४.४ | | | **राजश्व दाखिला** प्रदेश आर्थिक कार्यबिधि ऐन, 2074 को दफा 23 ( 3 ) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १0 दिन भन्दा ढिलो गरेको भए 10 प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालयले वडाहरुबाट प्राप्त राजश्वको असुली र दाखिलाको अद्यावधिक अभिलेख नराखेकोले कार्यालय अन्तर्गत वडाहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरे नगरेको यकिन गर्न सकिएन । कार्यालयले राजश्व रकम ढिला हुने गरी बैकं दाखिला भएको अवधिको एकिन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको रकममा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **मु.अ.कर दाखिला**<br>नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौताको दफा 12 मा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर भ्याट तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले नगरकार्यपालिका र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने ब्यवस्था गरेको छ । तर नदिजन्य पदार्थको आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायिबाट असुल गरि कार्यालयले स्थानिय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर रु..२०१६३०/- निर्माण व्यवसायिले आफ्नै नामबाट आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको देखियो । मु.अ. कर पालिकाको नाममा दायित्व हुने र सम्बन्धित व्यवसायिले हिसाब मिलान समायोजन गर्न नपाउनेमा ब्यवसायिकै नामबाट व्यवसायिकै सम्पर्क नं. तथा भ्याट नं. उल्लेख गरिएकोले व्यवसायीहरुलाई उनुचित लाभ हुन गएको देखियो । अत: देहाय बमोजिम ब्यवसायिको नामबाट मु.अ. कर दाखिला गरिएकोले नगरपालिकाले विक्रि गरेको प्राकृतिक श्रोत (ढुङ्गा,गिट्टी,बालुवा आदी) को मु.अ. कर ब्यवसायिबाट असुल गरि कार्यालयको नामबाट दाखिला हुनु पर्ने देखिएको रु.<br><br>खोलाको नाम / सेवा प्रदायक व्यवसायी / ठेक्का अंक / मु.अ. कर<br>बाँगी खोला / मसिना निर्माण सेवा / १३५१००० / १७५६३०<br>जरे खोला / दिप कन्स्ट्क्सन / २००००५ / २६००१<br> / जम्मा / / २०१६३० | २०१,६३१ |
| २६ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.१ | | | **उपभोक्ता समिति दर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ४५८ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १३८३९३९०४.०५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २६.२ | | | **प्राविधिक बिल र कार्य सम्पन्न** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.३ | | | **योजना हस्तान्तरण** सार्वजनिक खरिद नियमावली,2064 को नियम 97 (12) अनुसार उपभोक्ता समितिबाट कार्य सम्पन्न भएपछि कार्यालयले सो को रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका ६५५ वटा योजना सम्पन्न गरी रु.1२ करोड ८६ लाख ५१ हजार खर्च गरी उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गराएकोमा हस्तान्तरण गरेको छैन । अत: उपभोक्ता समिति वा लाभग्राही समुदायलाई उक्त निर्माण कार्यको मर्मत संम्भार गर्ने जिम्मेवारी सहित योजना हस्तान्तरण गरीनु पर्दछ । | |

| कार्यक्रमको नाम | निर्माणमा भएको कूल खर्च | उपभोक्ता समितिबाट | |
|---|---|---|---|
| | | संख्या | रकम |
| विभिन्न योजनाहरु | 291161187 | 655 | 128650519 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.४ | | | **उपभोक्ता समितिको योगदान** सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 (4) मा उपभोक्ता समिती वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मु.अ.कर, ओभर हेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरसभाको मिती 2075।09।05 को निर्णयले नगरपालिका क्षेत्रभित्र उपभोक्ता समिती मार्फत संचालन गर्दा उपभोक्ता समितको लागत सहभागिता 10 प्रतिशत रहने व्यवस्था गरेको छ । कार्यालयले कार्यक्रम अन्तर्गत 13 वटा योजनाहरु उपभोक्ता समितिबाट निर्माण गराउँदा लागत अनुमान रु 14215770 मा जनसहभागिता रु 15774 (0.11) प्रतिशत रहि कार्यालयले रु 14086699 भुक्तानी गरेको देखियो अत खरिद नियमावलीको उल्लेखित व्यवस्था तथा नगरसभाको निर्णयको अनुसरण गरी उपभोक्ता समिती वा लाभग्राही मार्फत गरिने कार्यमा लागत सहभागिता गराईनु पर्दछ । उपभोक्ता समिती बाट गराईएको कामको लागत अनुमान नापिको मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन प्रमाणीत गराउने गरेको देखिएन। यसका यसमा सुधार हुनु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् । | |

| सि.नं. | कार्यक्रम उ.स. | बजेट | ला.अनुमान | उ.योग्दान | खुद काम | बहाल/अग्रिम आयकर | भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 1 | रतले कुलो मर्मत | 400000 | 400193 | 193 | 400194 | 2301 | 397699 |
| 2 | डाउन टोलमा पक्की नाला निर्माण | 300000 | 300001 | 1 | 300001 | 3876 | 296124 |
| 3 | पूर्वाधार योजना स.न.पा. 11 | 1500000 | 1501341 | 1341 | 1501341 | 13400 | 1486600 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 4 | पोखेडाँडा शौचालय निर्माण | 500000 | 500002 | 2 | 389232 | 2000 | 384502 |
| | | | | 5 | पकले वजार पौवा निर्माण | 1500000 | 1500765 | 769 | 1501953 | 8458 | 1491542 |
| | | | | 6 | वहखोर सिटि निर्माण | 500000 | 500078 | 78 | 500130 | 5088 | 494912 |
| | | | | 7 | भ्युटावर नजिक ग्याविन खोल्सा पुर्ने | 1500000 | 1500497 | 497 | 150821 | 14651 | 1485349 |
| | | | | 8 | पूर्वाधार योजना स.न.पा. ४ | 1500000 | 1503273 | 3273 | 1502457 | 11364 | 1488636 |
| | | | | 9 | पूर्वधार योजना स.न.पा.10 | 1500000 | 1502561 | 2561 | 1510600 | 12731 | 1487269 |
| | | | | 10 | सरला स्तरोउन्नोती | 1500000 | 1500195 | 195 | 1500434 | 22335 | 1477665 |
| | | | | 11 | सुनारटोल जाली निर्माण | 500000 | 500037 | 37 | 497467 | 1925 | 490780 |
| | | | | 12 | पूर्वाधार योजना स.न.पा. 5 | 1500000 | 1506421 | 6421 | 1501969 | 11052 | 1488948 |
| | | | | 13 | पूर्वाधार योजना स.न.पा. 12 | 1500000 | 1500406 | 406 | 1501522 | 27398 | 1472602 |
| | | | | | जम्मा | 14200000 | 14215770 | 15774 | 1410812 | 144071 | 14055929 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रु</th><th>उपकरण</th><th>खर्च रु</th></tr>
<tr><td>९६-२०७८।०३।२९</td><td>वार्दि खेल मैदान</td><td>डोजर लगाएको</td><td>२८५००००</td><td>डोजर</td><td>१२६९५७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>जटिलसंरचना निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>96-2078।03।29</td><td>वार्दि खेल मैदान निर्माण</td><td>भवन निर्माण</td><td>1455000</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
